# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## पुचौंडी नगरपालिका
## बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च.नं. ५५०

मिति: २०७७/०३/२९


विषय: <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री प्रमुखज्यू,
पुर्चौडी नगरपालिका,
बैतडी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन। स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:०७६।७७
च.नं ५५१

मिति: २०७७।३।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमूखज्यू,
पुर्चौडी नगरपालिका,बैतडी ।

**कैफियत सहितको राय**

हामीले **पुर्चौडी नगरपालिका**को आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.७ करोड ६२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४१ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ९३ लाख ३५ हजार र पेश्की रु.२ करोड ६६ लाख १४ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्योट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना ( २६ ) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसकालागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# पुर्चौंडी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत १० वडा रहेको., ५२ सभा सदस्य, १९८.५२व.की.मी. क्षेत्रफल,४१२४० जनसंख्या सुदुरपश्चिमप्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| **आय तर्फ** | | **ब्यय तर्फ** | |
|---|---|---|---|
| **बिवरण** | **रकम** | **बिवरण** | **रकम** |
| गत बर्षको मौज्दात | | चालू खर्च | |
| क) नगद | ० | पुर्चौंडी नगरपालिका चालु | ४०६४००१७ |
| ख) बैंक | | पुर्चौंडी नगरपालिका वडा कार्यालय चालु | ४७०५४५१ |
| १.मूल संचित कोष खाता | **४२९३१८३२** | युनिसेफ नेपाल चालु | ६४७८७५० |
| २.कर्मचारी कल्याण कोष | **५४०९८** | पुर्चौंडी नगरपालिका कृषि चालु | १४३३०१६ |
| ३.दैबि प्रकोप कोष | **२७३५००** | पु.न.पा.गत आ.ब. भूक्तानी वांकी चालु | ३९५६९९२ |
| ४.स्काभेटर संचालन कोष | **३५९७२६** | प्रदेश सरकाबाट प्राप्त प्रोत्साहन अनुदान चालु | १५५०००० |
| ५.टिप्पर संचालन कोष | **२२८००** | पुर्चौंडी नगरपालिका आन्तरिक कोष चालू खर्च | ७५५९९४ |
| ६.स्थानीय तह धरौटी खाता | **३९९२२०४** | पुर्चौंडी नगरपालिका शिक्षा चालु | ११४१५७८७ |
| राजश्व (आन्तरिक आय) | | पुर्चौंडी नगरपालिका स्वास्थ्य चालु | ६०२६७२८ |
| क) आन्तरिक राजश्व | ३४३०७६० | पुर्चौंडी नगरपालिका महिला तथा बालबालिका चालु | ७२३५५९६ |
| ख) घर जग्गा रजिष्ट्रेसन | ३९७१३० | स्थानीय पुर्वाधार बिकास कार्यक्रम चालु | ४०२०८६५ |
| संघिय सरकारवाट प्राप्त | | प्रदेश तथा स्थानीय क्षमता बिकास चालु | ३०५००० |
| क) बित्तिय समानीकरण अनूदान | १२१९००००० | संघिय सरकारवाट हस्तान्तरित कार्यक्रम चालु | १९११२१२०३ |
| ख)सशर्त अनूदान | १९९१७०००० | गरीवसंग बिश्वेश्वर कार्यक्रम चालु | ३८३२५८ |
| ग)राजश्व वांडफांडवाट प्राप्त | ७७३८७२८७ | सामाजिक सूरक्षा कार्यक्रम चालु | ६६३८४६०० |
| घ) समपुरक अनूदान | ० | राष्ट्रिय स्वंयम सेवक कार्यक्रम चालु | २०७५०० |
| ङ) बिशेष अनूदान | ० | प्रधानमन्त्री रोजगार कार्यक्रम चालु | ५२३०१९६ |
| च) प्रदेश तथा स्थानीय क्षमता बिकास | ३०५००० | बहूक्षेत्रीय पोषण कार्यक्रम चालु | ३०००५५३ |
| छ) सामाजिक सूरक्षा कार्यक्रम | ६७२५९००० | पुजिगत खर्च | |

| | | | |
|---|---|---|---|
| ज) बहूक्षेत्रीय पोषण कार्यक्रम | १८३३००० | पुर्चौंडी नगरपालिका पुजिगत | ११५३१४६९८ |
| झ) गरीवसंग बिश्वेश्वर कार्यक्रम | ३९४००० | पु.न.पा.गत आ.ब. भूक्तानी वांकी पुाजिगत | १९३५७९८२ |
| ञ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ६०४८००० | युनिसेफ नेपाल पुजिगत | ६२६१७८९ |
| ट) झौलूगे पुल बिकास कार्यक्रम | ५०००००० | पुर्चौंडी नगरपालिका स्वास्थ्य पुंजिगत | १३६१०९५ |
| ठ) स्थानीय पुर्बाधार बिकास कार्यक्रम | ४०५९००० | पुर्चौंडी नगरपालिका कृषि पुंजिगत | ४९५१६० |
| प्रदेश सरकारवाट प्राप्त | | झोलूंगे पुल बिकास कार्यक्रम पुंजिगत | ५०००००० |
| क) बित्तिय समानीकरण अनूदान | ६९७९००० | संघिय सरकारवाट हस्तान्तरित कार्यक्रम पुंजिगत | १८०३७७४ |
| क) राजश्व वांडफांडवाट प्राप्त | १४१७८११ | धरौटी फिर्ता | ३२१६८९७ |
| घ) समपुरक अनूदान | ३७८८००० | कोष खर्च | |
| ङ) शिक्षा क्षेत्र प्रत्साहन अनूदान | १५५०००० | क) कर्मचारी कल्याण कोष | ० |
| च) राष्टिय स्वंसेवक अनूदान | २२५००० | ख) दैबि प्रकोष कोष | ७५९००० |
| छ) सामाजिक बिकास मन्त्रालय | १५४८०० | ग) स्काभेटर संचालन कोष | ७९५४९९ |
| अन्तर स्थानीय तहवाट प्राप्त | | ग) टिप्पर संचालन कोष | २१०४६७ |
| बित्तिय व्यवस्था प्राप्ती | | घ) सडक मर्मत सम्भार कोष | ९९००० |
| क) ऋण | | ङ) औषधि उपचार कोष | ११०००० |
| ख) सांवा प्राप्त | | च) एम्बुलेन्स संचालन कोष | २३०४०० |
| **बिभिन्न कोष तर्फको आय** | | निकासा फिर्ता | |
| क) कर्मचारी कल्याण कोष | ० | क)कोष तथा लेखा नियन्त्रक कार्यालय | ८२६०५७६ |
| ख) दैबी प्रकोप कोष | ५००००० | ख) प्रदेश लेखा नियन्त्रक कार्यालय | ३७८८००० |
| ग) स्काभेटर संचालन कोष | १६७०९२० | मौज्दात | |
| घ) टिप्पर संचालन कोष | १८८७५० | क) नगद | |
| ङ) औषधी उपचार कोष | ५००००० | ख) बैंक | |
| च) सडक मर्मत सम्भार कोष | ५००००० | १.मूल संचित कोष खाता | ४२४८९६७२ |
| छ) एम्बुलेन्स संचालन कोष | २४१५०० | २.धरौटी खाता | २८२५५२६ |
| धरौटी आय | २०५०२१९ | ३.कर्मचारी कल्याण कोष | ५४०९८ |
| अन्य आय | | ४.दैबि प्रकोप कोष | १४५०० |
| क) बेरुजू दाखिला | ५५४११० | ५.स्काभेटर संचालन कोष | १२३५१४७ |
| ख) युनिसेफवाट प्राप्त | ७०७१६६६ | ६.टिप्पर संचालन कोष | १०८३ |
| दाखिला बांकी | ४३३१ | ७.सडक मर्मत सम्भार कोष | ४०१००० |
| समपुरक कोष प्राप्त ( नगरपालिका) | ७१२४५२५ | ८.औषधि उपचार कोष | ३९०००० |
| | | ९.एम्बुलेन्स संचालन कोष | १११०० |
| **जम्मा** | **५६९३३७९६९** | **जम्मा** | **५६९३३७९६९** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । २०७५ साल अषाढ १८ गते आर्थिक बर्ष ०७५।०७६ को लागी चालु खर्च २८,८४,०५,२४८ ,पुजिगत तर्फ १२,६०,६७,३०० समेत गरि जम्मा रु. ४१ करोड ४४लाख ७२ हजारको आयव्यय बिवरण र निति तथा कार्यक्रम  पारित गरेतापनि २०७५ साल पौष७ गते नगर सभा**को** चौथो बैठकको निर्णय बाट रु ३,६८,८६,४५२।००को आयव्यय बृद्धि गरी पुजिगत खर्च १६ करोड २९ लाख १९ हजार र चालु खर्च रु २८,८३,८० हजार कायम गरेको छ । प्रिन्टेड पेपर (आयव्यय र कार्यक्रम ) माइन्युट बुकमा टाँस गरेको देखिएकोले चौथो बैठकले गरेका निर्णयको बैधानिकता पुष्टि हुन सक्ने अवस्था देखिएन । | |
| २. | **आन्तरीक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन ।<br><br>● **जिन्सी निरीक्षण**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेपनि कार्यन्वयन गरेको छैन ।<br><br>● **जोखिम पहिचान**: कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यकममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br><br>● **योजना सन्चालन**: सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन ।<br><br>● **कार्य विवरण**: प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था | |

| | | |
|---|---|---|
| | रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन ।<br><br>● **लागत अनुमान/खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।<br><br>● **स्पेशिफिकेशन र मूल्य नखुलाएको:** कम्प्युटर, ल्यापटप, मेशिनरी औजार लगायतका सामानको जिन्सी दाखिला गरेता पनि मूल्य र स्पेशिफिकेशन नखुलाई प्रविष्टि गरेको छ ।<br><br>● **सम्पत्तिको अभिलेखः** सावंजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ़५ मा सावंजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपनें व्यवस्था रहेको छ । कायांलयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कायंक्षेत्रभित्र पनें भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भटं, नाली, रेलिँ आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन ।<br><br>● **नापी किताब, ठेक्का बील:** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्व्न्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।<br><br>● **मू.अ.कर दर्ता नभएकासंग खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ | |
| ३. | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा , वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा कार्यान्वयन गरेको देखिएन । | |
| ४. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा | |

कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था रहेकोमा नगरपालिकाले कार्यान्वयन गरेको छैन ।

५. **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ.नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

६. **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन ।

७. **योजनामा ५ लाखभन्दा कम विनियोजनः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट नगरपालिकाले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नुहने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार निर्देशिका विपरित विभिन्न योजनाहरुमा रु.५ लाख भन्दा न्यून बजेट बिनियोजन गरी खर्च गरेको छ । यस्ता धेरैजसो वितरण मूखी अनुत्पादक रहेको छ । अतः कार्यविधिले तोके अनुसार पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ ।

८. **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १६.५६ प्रतिशत, दोश्रो चौमासिकमा २७.५५ प्रतिशत र तेश्रो चौमासिकमा .५५.८९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ४१.८५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । खर्च सन्तुलित हुने किसिमले कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | विभिन्न | ५०४४४६ | ८३५०४ | १३८९७९ | २८१९६३ | २११११६१ |

९. **कर्मचारी व्यवस्था :**नगरपालिकाबाट प्रप्त बिवरण अनुसार स्वीकृत दरबन्दी ४३ रहेकोमा संघिय सरकारबाट ३, सावीक स्थानिय तहमा कार्यरत दश र आन्तरिक पदपुर्ति (करार) चार गरी जम्मा १७ जना पदपुर्ति भइ २६ पद रिक्त रहेको देखिन्छ । नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत (रा.प द्वितिय) , सि.डि इन्जिनियर (रा.प द्वितिय ) दुईको एक बर्ष देखि रिक्त पद रहेको, पाच महिना शाखा अधिकृतले र ७ महिना नायब सुब्बा स्तरको कर्मचारीबाट निमित प्रमुखको हैसियतमा कामकाज हुँदै आएको देखिन्छ । समयमानै रिक्त दरबन्दी पदपुर्ति गरी कार्य प्रवाहमा सुधार ल्याउनु

पर्दछ ।

१०. **पुर्वाधारः** - १८८ योजना मध्ये १३ योजना निर्माण कार्य सम्पन्न नभएको र म्याद थप पनि भएको देखिएन । अधिकांश आयोजनाको सम्झौता उपभोक्ता समितिसंग बर्षान्तमा गर्ने गरेकोले तोकिएको समयभित्र स्वीकृत कार्यक्रमनुसार रु.१,९१,०१ हजार आयोजनाको कार्य सम्पन्न भएको छैन । कार्यसम्पन्न गरि प्रतिवेदन पेश गनुपर्ने देखियो ।

| सि .न. | आयोजना | रकम रु(हजारमा) |
|---|---|---|
| १ | महादेव हाट खानेपानी मर्मत पु.न.पा १ | ३६३.२८ |
| २ | सविक ३ न. को मन्दिर घेरबार निर्माण | २४१.६३ |
| ३ | एकताला उतिमपाटा खानेपानि मर्मत पु.न.पा ३ | ६०६.५१ |
| ४ | चौडाखोला भटना सडक निर्माण पु.न.पा ४र५ | ४७१७.०८ |
| ५ | कुवाकोट धौलकाडा सडक निर्माण पु.न.पा ४र५ | २४००.०६ |
| ६ | सुवालेख मसानी मानौ सडक निर्माण पु.न.पा ६ | २७६७.१९ |
| ७ | रेसि दल्लादेही सडक पु.न.पा ८ | ४८०६.९० |
| ८ | ९ न. वडा कार्यालय भवन | ६०२.०३ |
| ९ | रन्तरस्य देखि बजडेसम्म बाटो निर्माण पु.न.पा ९ | १२०.५२ |
| १० | धारी गेट निर्माण पु.न.पा ९ | ९६ |
| ११ | भुमिराज डाडाबाग मन्दीर घेरबार पु.न.पा १० | ३६१.५ |
| १२ | दीपज्वोती आधारभुत बिद्यालय पु.न.पा ५ | १५०० |
| १३ | डाडाबाग लटिनाथ र लोखडी मन्दिर संरक्षण | ५१८.१५ |

११. **आन्तरिक आय तर्फ**ःयस बर्ष आन्तरिक आय रु. २३ लाख ५० हजार प्रक्षेपण गरेकोमा रु. ३४,३०,७५९।९८ आन्तरिक आय गरेको छ । आन्तरिक आयको रकम बाट ६ कार्यालय सहयोगी नियुक्त गरी रु. १२०००।०० प्रति महिनाका दरले प्रशासनिक खर्च रु. ७५५,९९४/- गरेको छ । आन्तरिक आय संकलनका लागी १० वडालाई नगदि रसिद हस्तान्तरण गरेकोमा फिर्ता प्रप्त गरी परिक्षण गर्ने गरेको छैन । यसर्थ नगद असुली गरेको सबै रकम दाखिला भएको सुनिश्चित गर्न सकिने स्थिति छैन ।

१२. **आन्तरिक आय ठेक्का** : यस बर्ष आन्तरिक आय ठेक्का बाट रु. २१८७२५/- असुल हुनुपर्नेमा रु. १०६२००।०० असुली भै रु.१२३७२५।०० असूल हुन बाकी देखिएको रकम असूल हुनु पर्ने रु.................................... — १२३७२५/-

| ठेकदारको विवरण | ठेकदारको नाम | असुल हुन बाकी रकम | दाखिला गर्नु मिति |
|---|---|---|---|
| बलुवा गिट्टी संकलन कर | मदनराज अवस्थी वडा न. ६ | १०००२५/- | ०७६ बैशाख मसान्त |
| सवारी साधन कर | सरोज बम | १२५००/- | ०७६ बैसाख ३० |
| रागा निर्यात | बलबहादुर ऐर | ११२००/- | |
| जम्मा | | १२३७२५/- | |

१३. **जिन्सी सफटवेयर** :– कार्यालयले भौ.न. २१।१०-११ बाट जिन्सी सफट्वेयर रु ४४६०००।००मा खरिद गरेको भएतापनि प्रयोगमा ल्याएको देखिएन । सामान खरिद गर्ने तर प्रयोग नगर्ने कार्य उचित भएन । खर्चको मितव्ययिता तर्फ ध्यान दिएको पाइएन ।

<table>
<tr>
<td>१४.</td>
<td>समपुरक कोष : बजेट निर्माण प्रकृयाका बिधिहरुको पालना गरिनु पर्दछ । समपुरक कोष रु. ९०,४८,२००/- मध्येबाट यस बर्ष देहायको शिर्षकमा रु.८९,३७,८००/- खर्च गर्न कार्यपालिकाले निर्णय गरेको देखियो ।
<table>
<tr><td>कार्यक्रम</td><td>रकम</td></tr>
<tr><td>पोषण कार्यक्रम -</td><td>५०००००</td></tr>
<tr><td>भटना स्वस्थ्य चौकी मर्मत</td><td>५०,०००</td></tr>
<tr><td>शिक्षा क्षेत्र अनुदान</td><td>३६७८००</td></tr>
<tr><td>अनिरुद्र ग्रामिण सुधार केन्द्र</td><td>१५००००</td></tr>
<tr><td>वडा अध्यक्ष आर्थिक सहायता</td><td>१०,००,०००</td></tr>
<tr><td>स्वास्थ्य सस्था मर्मत (बगौरा वर्थिग सेन्टर)</td><td>२०००००</td></tr>
<tr><td>युनिसेफ समपुरक (खानेपानी)</td><td>३२०००००</td></tr>
<tr><td>पुर्चौडी क्याम्पसलाइ छात्रावास भवन निर्माण</td><td>२५०००००</td></tr>
<tr><td>डणपुर सौर्य ऊर्जा निर्माण</td><td>९,७०,०००</td></tr>
<tr><td>जम्मा :</td><td>८९,३७,८००</td></tr>
</table>
उपरोक्त खर्चका सम्बन्धमा देखिएको ब्यहोरा निम्ननुसार छन :<br>
१)डणपुर सौर्य निर्माण उपभोक्ता समितिलाई गत बर्ष रु. १० लाख दिएकोमा यस बर्ष पुन : रु.९,७०,०००/- भुक्तानी दिएको छ । उपभोक्ता समितिसँग गरेको सम्झैता र कार्यसम्पन्न प्रमाण पेश भएन । सम्झैता अनुसारको कार्य प्रगतिको बिवरण लिई रकम उपलब्ध गराउनु पर्नेमा नगरेकोले अनियमित देखिएको रु.<br>
२)पुर्चौडी क्याम्पसलाई छात्रावास भवन निर्माण गर्न रु २५ लाख भुक्तानी दिएको छ । लागत अनुमान मध्ये त्रिपक्षिय लागत सहभागिता खुलासा हुने कागजात पेश पेश भएन । क्याम्पसको उक्त भवन बिश्व बिद्यालय अनुदान आयोगले निर्माण गर्ने प्रयोजनका लागी रु ७५ लाखको सम्झौता भई रु ६० लाखको निर्माण कार्य सम्पन्न भएको छ । नगरपालिकाले उपलब्ध गराएको रकमको निर्माण कार्य नभएकाले सम्बन्धीतबाट असुल गर्नुपर्ने रु....</td>
<td>९,७०,०००/-<br><br>२५०००००/-</td>
</tr>
<tr>
<td>१५.</td>
<td>बित्तिय समानिकरण चालु (शिक्षा तर्फ) :- नगरपालिका भित्र सञ्चालित शिक्षण सस्थासंग सम्झौता गरी यस बर्ष रकम उपलब्ध गराएपनि सम्झौतानुसार कार्य सम्पन्न भएको प्रमाण पेश नभएकोले खर्चको प्रभावकारिता र यथार्तता मुल्यांकन गर्नसक्ने अवस्था छैन । सम्झौतामा कक्षाकोठा निर्माण, ल्याव स्थापना, फर्निचर, मेसिनरी औजार खरिद लगायत शिक्षकको तलब भत्ता भुक्तानी गर्ने प्रयोजनका लागि रकम निकासा गरेको देखिन्छ । बिद्यार्थी शिक्षकको नियुक्ती ,खरिद बिल, दाखिला गरेको प्रतिबेदन निर्माण कार्यको हकमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु.</td>
<td>४८०००००/-</td>
</tr>
<tr>
<td>१६.</td>
<td>विद्यालयका विभिन्न कार्य गर्नको लागि नगरपालिकाले उपलब्ध गराएको निम्नानुसारका रकमको सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ आयकर ऐन २२०५८ बमोजिमको प्रक्रिया पुरा गरी खर्च गरेको कार्य सम्पन्नको प्रमाण पेश हुनु पर्ने रु ..............</td>
<td>७७६८४५७/-</td>
</tr>
<tr>
<td></td>
<td>(१) भौ. नं.१७३२६ - डिलेश्वरी मा.वी.लाई प्रयोगशाला समाग्री खरिद रु. ३२९१४१।००, तलब रु.४७०८६०/- भुक्तानी गर्न शैक्षिक साहयता .रु..८०००००/-<br>
(२)भौ.नं.४1१०।६-भुमिराज मा.वि.काटै,गहताडलाई २ कोठे भवन निर्माण गर्न ६ लाख,सोलार समाग्री खरिद रु२५००००/-,कम्प्युटर/प्रोजेक्टर रु.२५००००।००,प्रयोगात्मक सामाग्री रु.२ लाख, फर्निचर खरिद रु.४ लाख,पाठ्यपुस्तक रु. १ लाख, कार्यालय समाग्री</td>
<td></td>
</tr>
</table>

| | | |
|---|---|---|
| | रु. ३५०००।०० को खरिदको लागि रु. १३००००० /-<br>**(३) भौ .नं. १८।३।२६:** - मालिका बिद्यालय रु. २०००००/- प्रयोगशाला सामग्री र पुस्तक खरिद १५० हजार र बाँकी तलव भुक्तानीसमेत रु ............ .......३५००००/-<br>**(४) भौ. नं. २१।३।३१ :२०७६** आषाढ १० गतेको नगर कार्यापालिकाको ३१ औं बैठकबाट ५५ विद्यालयलाई नगर शिक्षक व्यवस्थापन गर्न रु ५३,१८,४५७।०० भुक्तानी दिएको छ ।उक्त रकम भुक्तानी शिक्षक विद्यार्थी अनुपात ,निजी शिक्षक भर्ना गरिएको पत्र, तलब बुझेको भरपाई पेश नभएको रु..............(....................................५३,१८,४५७ /- | |
| १७. | **आर्थिक सहायता :** आर्थिक सहायता उपलब्ध गराउने स्पष्ट कार्यबिधि बनाएको छैन ।२०७६ आषाढ १० गतेको नगरकार्यपालिका बैठक संख्या ३१ ले स्व .वडा अध्यक्ष गौतम भट्टको परिवारलाई रु १० लाख आर्थिक सहायता (शिर्षक) समपुरक कोषमा विनियोजन रकमबाट उपलब्ध गराएको छ । हरियाली कृषक समूह र भुमिराज सहकारी संस्थालाई क्रमश:६०,०००/- र १,००,०००/- जम्मा रु १,६०,०००।०० अन्य सहायता वापत उपलब्ध गराएको छ । यस्तो सहायता उपलब्ध गराउने स्पष्ट कार्यविधि बनाउनु पर्दछ । | |
| १८. | सुदुर पश्चिम प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५मा अनुगमन भत्ता दिने व्यवस्था छैन । २८औं नगरकार्यपालिकाको बैठक (२०७५।१२।०७)को निर्णयबाट योजना अनुगमन गर्ने प्रयोजनकालागी खटिएका अनुगमनकर्तालाई वडास्तरीय प्रतियोजना प्रतिव्यक्ति दैनिक रु १०००।०० र नगरस्तरबाट खटिएका अनुगमनकर्तालाई दैनिक रु १५००।०० भत्ता नियम विपरित उपलब्ध गराउने निर्णय गरिएकोमा रु.६०३५०० /- खर्च भएको छ ।<br><table><tr><td>वडास्तरीय अनुगमन समिति (१देखि ८ नं. वडा)</td><td>३,८३,०००</td></tr><tr><td>नगरस्तरीय</td><td>२,२०,५००</td></tr><tr><td>जम्मा रु</td><td>६,०३,५००/-</td></tr></table> | |
| १९. | **भ्रमणखर्च :-** नगरपालिकाले चालु आर्थिक वर्षमा भ्रमण खर्चमा रु ३३,६९,७५० खर्च गरेको छ । नगरप्रमुख, नगर उपप्रमुख, वडा अध्यक्ष, वडा सदस्यहरु, कार्यपालिका सदस्यलाई विभिन्न मितिमा सरकारी कामकाजको लागि भनी भ्रमण आदेश स्वीकृत गरी बैतडी जिल्ला सदरमुकामलगायत काठमाडौ समेत काजमा खटाएको देखियो । कुन उद्देश्यको लागी काजमा खटाएको हो स्पष्ट नभएको, गोष्ठि समिक्षामा आमन्त्रण गरिएको पत्र संलग्न नगरी ,प्रयोजन स्पस्ट नगरि काजमा खटाई भ्रमण खर्च भुक्तानी गरेकोले मितव्ययितातर्फ कार्यालयले ध्यानदिनु पर्दछ । | |
| २०. | खरिद सम्झौतामा उल्लेखित सम्पन्न कार्य परिमाणको भुक्तानी गर्नुपर्दछ । सुवालेक मसिनिमाडौ सडकको नयाँ ट्र्याक खोल्ने चेनेज ०+००० देखि २+१०० विस्तृत सर्भेक्षण भई लागतअनुमान रु.२७,६७,१८८।८३ को स्विकृत भएकोमा उपभोक्तासँग सम्झौता भई यस वर्ष प्रथम रनिग विल चेनेज ०+००० देखि १+७४० सम्मको रु. २६०७६९३।१५ को कार्यसम्पन्न भै रु. २०,८४,५६९।५१ भुक्तानी भएको छ । २०७६।२।२५मा सम्पन्न गर्ने म्यादभएको सम्झौतानुसार ३६० मिटर सडकको ट्र्याक खोल्ने कार्य लेखापरीक्षण अवधिसम्म सम्पन्न नभएको र म्यादथप पनि गरेको देखिएन । | |
| २१. | खरिद सम्झौतामा उल्लेखित समयावधिमा कार्यसम्पन्न गर्नुपर्दछ । बेउरी गाड देखि मुडेलीचौर धारुडी सडक चेनेज ४+२०० देखि ६+९१३ सम्म नयाँ ट्र्याक खोल्ने स्वीकृति ल.ई रु २७,४९,८६४।१५ अनुसार उपभोक्तासँग सम्झौताभई आदेश दिएकोमा उपभोक्तालाई चेनेज ४+२०० देखि ५+४३० सम्म रु. २६१८३०२।४० को रनिङ विल | |

| | | |
|---|---|---|
| | भुक्तानी भएको छ । उपभोक्ताले उक्त कार्य सम्झौताअनुसार २०७६।०२।३० सम्मकार्य सम्पन्न गर्नुपर्नेमा १.२३ कि.मि. सडक निर्माण कार्य सम्पन्न गरेको देखिएन । सम्झौताअनुसार कार्य सम्पन्न नभएको र म्यादपनि थप गरेको देखिएन । | |
| २२. | सार्वजनिक खरिद नियमावली २०६४ मा रु १ करोड सम्मको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिसँग गर्ने व्यवस्था छ । रेसि देखि लामुनिचौपतासम्म सडकको चेनेज ०+००० देखि ४+५०५ सम्म निर्माण कार्यका लागी २०७५।०४।१३ गते कार्य शुरु गर्न निर्माण व्यवसायी राजधानी कन्स्ट्रक्सनँग रु. ४६,११,५५०/-मु. अ .कर समेतमा २०७५।१२।२५मा सम्पन्नगर्ने सम्झौता भएकोमा २०७५।०९।०५ मा सम्पन्न भै रु.४६,०६,५४७।१५ भुक्तानी भएको छ । सोही सडकको चेनेज ४+५०५ देखि ११+१६० सम्मको नयाँ ट्याक खोल्न उपभोक्ता समितिसँग २०७५।१२।२५मा सम्झौता भई रु. ७१,१२,७६९।९० को कार्य सम्पन्न भएको छ । नियमविपरित एउटै सडकको ट्याक खोल्ने कार्य टुक्रा पारेर उपभोक्ता समितिलाई सम्झौता एवं कार्य आदेश दिई निर्माण कार्य गराउदा रु १,९३,१०९।०० थप व्ययभार परेको देखिन्छ । उक्त निर्माण कार्य उपभोक्ता समितिले सोही राजधानी कन्सट्रक्सनसँग स्काभेटर भाडा लिई रु. ३७९८६६६/- को कर विजक पेश गरि भुक्तानी लिएको छ । यसर्थ थप व्ययभार परेको जिम्मेवारबाट असुल गर्नुपर्ने रु. | १,९३,१०९/- |
| २३. | **श्रीभावर हाट सडक :** नगरपालिकाको केन्द्रसंग जोडने यस सडक खण्डको २४ कि.मि. सडक स्तरोन्नती गर्न गतवर्ष रु ७२७७६३९।०० को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता भई विभिन्न चेनेजमा पहिरो नियन्त्रण,स्टोन सोलिग र ग्राभेलिग कार्य गरेको देखियो । डि्लिपबाट ट्र्याक खोलेको सो सडकमा यस वर्ष ०+०००देखि १५+५०० चेनेज सम्म स्टोन मेसिनरी ,ग्याभियन,क्यानलको कार्य गर्न रु.७७१३२३३।०१को लागत अनुमान स्वीकृत गरी ग्लोवल निर्माण सेवासँग सम्झौता भई रु ७७१३२३३।०१(मू.अ.कर समेत) मा खरिद सम्झौता भई रु.७६४१६००।१४ (मू.अ.कर समेत) भुक्तानी भएको छ । उक्त सडकको स्तरोन्नती गर्न प्रत्येक वर्ष लगानी गरेको भए तापनि सडकको इन्भेन्ट्री नभएकोले एकै क्रियाकलापको लागी दोहोरो खर्च भएको यकिन गर्ने अवस्था छैन । भौतिक अवलोकन गर्दा सडक जिर्ण देखिएको छ । | |
| २४. | **हाट भूमिराज सडकः** यस सडकमा गतवर्ष उपभोक्ता समितिसँग प्रथम पटक ०+००० देखि २+१०० चेनेजसम्म सडक निर्माण गर्ने सम्झौता भएकोमा रु २७७००००/-,दोस्रो पटक २+१०० देखि ३+८२५ चेनेजसम्म उपभोक्ता समितिलाई रु ४५१२०००।०० भुक्तानी भएको देखिन्छ । उपभोक्ता समितिसँग यस वर्ष पुनःमर्मत पनि ०+०००देखि ०+६९० सम्म ब्याक कटिग गरेको, ३ +४६० देखि ३+७०० सम्म ग्रेड डाउन गरेको भनी १८९०.३५ घनमिटर, पहिरो हटाएको ३९४.१६ घनमिटर कार्य र ग्याभियन स्टोन सोलिग लगायतको कार्य गरेको समेत रु ९२०२०००।०० भुक्तानी गरेको छ । गुणस्तरीय सडक निर्माण कार्य नगरेकाले एकै चेनेजमा उपभोक्ता समितिलाई ब्याक कटिग,ग्रेड डाउन,कर्भ मेन्टेन कार्यको विल रु ७१७५०१।०० को आनुपातिक रकम रु ५७४०००।०० थप व्ययभार परेको देखिएकोले छानबिन गरि सम्बन्धितलाई जिम्मेवार बनाइनु पर्दछ । | |
| २५. | **सुवालेक कुवाकोट भटना सडक मार्ग** : गत वर्ष ०+००० देखि २+८५० चेनेजसम्म माटो खन्ने,ग्यावियन,मेसनरी वर्कको रु ३८०१०४७।००को कार्य भएकोमा ८+६५० देखि १२+२००सम्म माटो खन्ने ग्याभियन,स्टोन,मेसनरी र ड्रेन कटिग, स्टोन सोलिगको कार्य रु ५२३४०९२।३४ को कार्य सम्पन्न भै उपभोक्ता समितिलाई भुक्तानी भएको देखियो । यस वर्ष सोही सडकमा बोलपत्र माग गरी चेनेज ९+२२०देखि १५+७००सम्म स्टोन | |

<table>
<tr><td></td><td>मेसनरी,ग्यावियन लगायतका कार्य गर्न मू.अ.कर समेत रु ५१९८६८९।०० भुक्तानी भएको छ । उक्त सडकको DPR तयार नगरी खर्च गरेकोले लागत अनुमान यथार्थपरक रहेको यकिन गर्न सकिएन । सर्भे प्रतिवेदन वेगर विभिन्न चेनेज र परिमाणमा कार्य गराउने प्रकृयामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>लघुजल विद्युत आयोजनाको मर्मत खर्च : समुदायमा हस्तान्तरण भैसकेको ओजनालाई मर्मत खर्च उपलब्ध गराउन मिल्दैन । कुवाकोटीगाड साना जलविद्युत आयोजनालाई १५ के.भि.ए. को जेनरेटर खरिद ,जडान लगायतका कार्य गर्न यस वर्ष नगरपालिकाले रु ५७६०००।०० अनुदान उपलब्ध गराएको छ । उक्त ६ किलोवाटको जलविद्युत आयोजनाबाट ५५ घरधुरी लाभान्वित भएको उल्लेख छ । जेनेटर जडान लगायतको कार्य कार्य सम्पन्न पेश नभएको रु.</td><td>५७६०००/-</td></tr>
<tr><td>२७.</td><td>खरिद सम्झौतामा उल्लेखित सम्पन्न कार्य परिमाणको भुक्तानी गर्नुपर्दछ । सांसद बिकास कोष अनुदानबाट रु १२ लाख कौलाडीगाड चौकोडी तटबन्ध निर्माण गर्न रु १४,५७,४५६/- स्वीकृत गरी उपभोक्ता समितिले रु ३,०५,४५६।६१ जनश्रमदानबाट व्यहोर्ने गरी ०७६।२।१७ मा सम्झौता भएकोमा रु १४,४८,७२३।५० कार्य सम्पन्न भएको देखिन्छ । उपभोक्ताले पेश गरेको बिल भर्पाइ परिक्षण गर्दा २ घन मिटरको ५२ वटा र १.५ घनमिटरको ८६ वटा ग्यावियन जाली चौधरी हार्डवेयरबाट रु ३१५०००।०० मा खरिद गरेको देखिन्छ । जस अनुसार २३३ घनमिटर ग्याबेन जालीको रकम भुक्तानी दिनुपर्नेमा नापी किताव अनुसार २७२.५० घ.मि को रु. ५२७१.०८ का दरले रु.१४३६३६९/- भुक्तानी गरेकोले रु १६६५६९/- उपभोक्तालाई बढी भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रु ......</td><td>१६६५६९/-</td></tr>
<tr><td>२८.</td><td>झोलुङ्गे पुलतर्फःझोलुङ्गे पुलको लागत व्यहोर्ने स्रोतहरुमा ६% नगरपालिकाले, २% समुदायले र ९२% केन्द्रको अनुदान (SWAP) हुने व्यवस्था छ । यस वर्ष देहायका ५ वटा झोलुङ्गे पुलको रकम भुक्तानी रु. ६४०३४२०।०० भएकोमा नगरपालिकाले व्यहोर्ने २% रकम केन्द्रको अनुदानबाट भुक्तानी भएको देखिएकोले सोधभर्ना हुनुपर्ने रु ...........
<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>लोलिगाड ट्रस निर्माण</td><td>५३५५०</td></tr>
<tr><td>ऐराडी झो.पु. निर्माण</td><td>८९०८८</td></tr>
<tr><td>भकुड झो.पु. निर्माण</td><td>८७३५२</td></tr>
<tr><td>पातिहाल्ला झो.पु निर्माण</td><td>९१४६३</td></tr>
<tr><td>वेहोरीगाड ट्रस निर्माण</td><td>६३१५०</td></tr>
<tr><td>जम्मा</td><td>३८४६०३</td></tr>
</table></td><td>३८४६०३/-</td></tr>
<tr><td>२९.</td><td>युनिसेफतर्फः खरिद सम्झौतामा उल्लेखित सम्पन्न कार्य परिमाणको भुक्तानी गर्नुपर्दछ । भौचर नं ११।३।१२ कुवाकोट खानेपानी योजना वडा नं. ५ को लागतअनुमान रु. ३०२५५३०/-रहेकोमा खानेपानीको १ कनेक्सन च्याम्बर, फेरो ट्यांक, पाईप लाईनको कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता भई मिति २०७६।३।१२ मा उपभोक्ता समितिलाई रु.२२७०७६३/- भुक्तानी भएको देखिन्छ । उक्तआयोजनामा युनिसेफ नेपालको रु.१२,५०,०००/- अनुदान समावेश भएको पाईयो । नापीकिताबअनुसार ५९९० मिटर HDPE PIPEखन्ने र पुर्ने कामको रु.१६,७३,३३९/- मूल्यांकन भै भुक्तानी भएकोमा उपभोक्ता समितिले ३४१२ मिटर पाईप खरिद गरेको देखिएकोले २५७८ मिटर पाईपको बढी मुल्यांकन गरी रु.१०७१९३/- बढी भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | छानविन गरी असुल गर्नुपर्ने रु. .. | १०७१९३/- |
| ३०. | खरिद सम्झौतामा उल्लेखित सम्पन्न कार्य परिमाणको भुक्तानी गर्नुपर्दछ । भौचर नं १०।३।१२ः बुददा खानेपानी योजनामा लागत अनुमान रु.४९,६०,६०७/- को स्वीकृत भएकोमा युनिसेफ नेपालको अनुदान रु.१८११८६६/- समावेश भएको देखिन्छ । उक्त आयोजनामा १३ धारा, १ इन्टेक, १ च्याम्बर र १ फेरो ट्याङ्की , १०१३२ मिटर पाईप लाईनको कार्य सम्पन्न गरी रु.५१,७०,२५३/-को मुल्यांकन भएको छ । उपभोक्ता समितिले पेश गरेको विल भरपाई ८१७० मिटर HDPE पाइपखरिद गरेको देखिएकोले १९६२ मिटर HDPE खन्ने पुर्ने र खरिदको मूल्यांकन बढी भई भुक्तानी भएको सम्बन्धमा छानबीन गरी असुलगर्नुपर्ने रु............ | ८१५७९/- |
| ३१. | **सशर्त अनुदान-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले खर्च नभई बाँकी रहेको रकम मिति २०७६।४।२२ मा रु २२१४८७०।०० र मिति २०७६।३।२८ मा रु ६०४५७०६।०० गरी कूल रु ८२६०५७६।०० निकासा फिर्ता गरेको छ । | |
| ३२. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाले लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| ३३. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| ३४. | **उपभोक्ता समितिमार्फत कार्यः** यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् । | |
| ३५. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।उपभोक्ता समितिको गठन विधि , आधार उपभोक्ता समितिले सञ्चालन गर्ने आयोजनाबाट लाभान्वित हुने जनसंख्या स्पस्ट देखिएन । उपभोक्ता समितिले पेश गरेको डोर हाजिरीमा उपभोक्ता समितिका पदाधिकारी तथा उपभोक्ता समिति गठन गर्दाको समयमा उपस्थित जनसमुदायले पनि श्रम योगदान नगरेको, डोर हाजिरमा उल्लेखित | |

| | | |
|---|---|---|
| | श्रमिकको पुष्ट्याई नभएको, केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि डोर हाजिर राख्ने गरेको,उपभोक्ता समितिले निर्माण व्यवसायीसंग काम गराई अनुदान ग्रहण गर्ने गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ । | |
| ३६. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन । | |
| ३७. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन । | |
| ३८. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने, सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । सर्भे, डिजाइन, लागत अनुमान बेगर बजेट विनियोजन गर्ने गरेको र उपरोक्त अनुसार गरेको देखिएन । | |
| ३९. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारी कल्याणकोषमा रकम जम्मा गरेको पाइएन । | |
| ४० | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकले वातावरणीय प्रभाव मूल्यांकन गरेको छैन । | |
| ४१. | **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका सबै कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ४२. | **लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा | |

राख्नु पर्ने महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने व्यावस्था भएको छ । महालेखापरीक्षकबाट २०७६।२।१९ मा १४२ नयाँ म.ले.प. फारम स्वीकृत भै लागू भएको भए तापनि वित्तीय विवरण नगदमा आधारीत सार्वजनिक क्षेत्र लेखामान बमोजिम तयार गरी कार्यपालिका बैठकबाट स्वीकृत गरेको छैन ।

४३. **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सार्वजनिक परीक्षण गरेको देखिएन ।

४४ **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था भएकोमा कार्यान्वयनमा ल्याएको देखिएन ।

४५. **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमः**

**शिक्षा तर्फः**यस नगरपालिकामा ८८ विद्यालय रहेका छन । विद्यालय किताबखानाबाट तलवी प्रतिवेदन पारित गरी शिक्षकको तलब भत्ता भुक्तानी गर्नुपर्ने, प्रत्येक विद्यालयबाट शिक्षकहरुको चौमासिक रुपमा तलव भत्ताको माग फारम प्राप्त भएपछि स्वीकृत दरवन्दी, राहत कोटा यकिन गरी माग फारम स्वीकृत भएवमोजिम चौमासकि निकासा दिनुपर्नेमा निकासा दिएको बैङ्क आदेशसँग मेल खाने किसिमले विद्यालयगत माग फारम सिलसिलेवार रुपमा राखेको पाइएन भने यस आर्थिक बर्षमा सेवा निबृत शिक्षकहरुको विवरण समेत नगरपालिकाले उपलब्ध नगराएको हुँदा अवकाश प्राप्त शिक्षकको नाममा रकम निकासा नभएकोमा आश्वस्त गराउनुपर्ने देखियो । विद्यालयगत शिक्षकको दरबन्दी,कार्यरत र यस बर्ष नियुक्ती लिएका,अवकाश,सरुवा,राजीनामा दिएकाको अद्यावद्यिक विवरण र पारित तलवी प्रतिवेदन पेश नगरेकाले शिक्षकको तलव भत्ता लगायत अन्य सुविधावापत खर्चको यकिन गर्ने स्थिती छैन ।

| भौ.न. मिति | चौमासिक | विद्यालय | निकासा |
|---|---|---|---|
| २।०७५।६।२३ | प्रथम | ८ मा.विद्यालय | ५८,११,६७८ |
| २।०७५।६।२३ | प्रथम | ७३ आधारभुत विद्यालय, | ३,००,१९,८९४ |
| ५३।०७५।१०।११ | दोश्रो | ८ मा. विद्यालय | ४७,१८,५५२ |
| ५३।०७५।१०।११ | दोश्रो | ७३ आधारभुत विद्यालय | २,४६,२४,८८० |
| १४५।०७६।३।२७ | तेश्रो | ८ मा.विद्यालय | ४७,६३,५१६ |
| १४५।०७६।३।२७ | तेश्रो | ७२ आधारभुत विद्यालय | २,४४,०७,५९५ |
| जम्मा | | | ९,४४,४६,११५ |

४६. **बाल विकास तर्फ :** शिशु कक्षा संञ्चालनका लागि कम्तिमा २० जना बराबर एक जना सहयोगी कार्यकर्ताको पारिश्रमिक दिनुपर्ने ,प्रत्येक ६।६ महिनामा निरीक्षण अनुगमन गरी विद्यार्थी घटबढको आधारमा सहयोगी कार्यकर्ताको दरवन्दी समायोजन गर्नूपर्दछ । फ्लाश रिपोर्टमा विद्यार्थीको विवरण नभएको वाल विकास केन्द्रलाई अनुदान दिन नमिल्ने कार्यक्रम

<table>
<tr><td></td><td>कार्यान्वयन पुस्तीका ०७५।७६ मा उल्लेख छ । यस आ.ब.मा शिशु कक्षाका विद्यार्थी विवरण वेगर ५० जना सहयोगी कार्यकर्तालाई मासिक ६,०००। का दरले १३ महिनाको रु..३९,००,००० /- र प्रदेश सरकारबाट प्राप्त प्रोत्साहन रु.१०,०००/- का दरले ५० जनालाई ५,००,०००/- र बुक कर्नर बापत रु ५,६५,५००/-समेत कुल रु.४९,६५,५०० /- खर्च भएकोमा शिशु कक्षामा अध्ययनरत विद्यार्थी विवरणको प्रमाण पेश हुनुपर्ने रु....</td><td>४९,६५,५००/-</td></tr>
<tr><td>४७.</td><td>छात्रबृतिः ११६।०७६।२।३० बाट ८८ विद्यालयलाई रु ४६,०२,४००/- छात्रबृति निकासा दिएकोमा कक्षागत रुपमा छात्रा छात्रबृति ,दलित छात्रबृति पाउनेको संख्या, दर तथा वितरण भएको प्रमाण पेश नभएकोले सम्बन्धितलाई नै छात्रबृति प्रदान भएको र विद्यार्थीको अनुपात बमोजिम भएको छ भनी एकिन भएन । यस सम्बन्धमा छानविन गरी यकिन हुनु पर्दछ ।<br><br>(१) विद्यालयको कक्षागत विद्यार्थी संख्या अनुसार स्वीकृत दररेटले हिसाब गरी कुल पाठ्यपुस्तक वापत ७५प्रतिशत रकम निकासा दिने र नपुग भए थप गर्नु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तीका ०७५।७६ ले गरेकोमा कक्षागत विद्यार्थी र स्वीकृत दररेटको हिसाव नगरी एकमुष्ट निकासा दिएकोले सो प्रमाण सहित विद्यार्थीले समयमा पुस्तक प्रप्त गरेकोमा आश्वस्त हुने प्रमाण पेश हुनुपर्ने रु ...<br><br>(२)शिक्षण सिकाइ बुक कर्नरको लागि एकमुष्ट विद्यार्थीको लागि रु २४,९०,७५०/- निकासा गरेकोमा संलग्न विवरण अनुसार कुल रु २४,५०,५००/- मात्र हुनेमा रु ४०,२५०/- बढी निकासा भएको रकम असुल हुनुपर्ने रु........</td><td>५४,४८,९६५/-<br><br>४०२५०/-</td></tr>
<tr><td>४८</td><td>शिक्षा संयोजक रामदत जोशीलाई कक्षा ८ को परीक्षा सञ्चालन खर्च रु २४५०००।०० दिएकोमा विद्यार्थी संख्या अनुसार प्रश्न पत्र,प्रमाण पत्र, मार्क लेजर छपाई गर्नूपर्नेमा परिमाण र दररेट नखुलाई प्रश्न पत्र खर्च रु ५००००।०० मार्क लेजर खर्च रु ३००००।० जनाएको बिल संलग्न गरेकोले विद्यालयगत रुपमा परीक्षामा समावेश हुने विद्यार्थीको विवरण सहित सोही बमोजिमा सामग्री छपाई तथा खरिदको विवरण पेश हुनु पर्ने रु..</td><td>२४५०००/-</td></tr>
<tr><td>४९.</td><td>भवन निर्माणः भौचर नम्बर १७०।०७६।३।३१ बाट दिपज्योति आधारभुत विद्यालयलाई भुकम्पीय सुरक्षा कार्यक्रमको रु..२८,९१,१०१ /- को लागतमा निर्माण हुने भवन ०७६।३।२५ मा सुरु गरी ०७७।३।३० मा सम्पन्न गर्ने गरी ३ किस्तामा निकासा दिने सम्झौता भएकोमा एकमुष्ट रु १५,००,०००/- निकासा दिएको छ । अतः आर्थिक वर्षको अन्त्यमा सम्झौता विपरित निकासा दिएको रकमको कार्य सम्पन्न भएको खुल्ने किसिमले स्थानीय तहको सीफारिस व्यवस्थापन समितिको निर्णय भवनको फोटो, प्राविधिक जाँचपास प्रतिबेदन पेश हुनुपर्ने रु...........................</td><td>१५०००००/-</td></tr>
<tr><td>५०.</td><td>उत्कृष्ट सिकाइः कार्यक्रम कार्यान्वयन पुस्तिका ०७५।७६ मा उत्कृष्ट सिकाइ उपलब्धी हासिल गरेका विद्यालयलाई रु ४,५०,०००/-मध्ये प्रति विद्यालय रु ५०,०००/- का दरले अनुदान दिने उल्लेख छ । भौचर नम्बर १७३।०७६।३।३१ बाट निम्नानुसार २ विद्यालयलाई २ लाखका दरले र एक विद्यालयलाई ५०,०००/- दिएको छ । ९ विद्यालयलाई अनुदान दिने रकम नियम विपरित तिन विद्यालयलाई मात्र निकासा दिएकोले पाउनेभन्दा बढी निकासा भएको रकम असुल हुनुपर्ने रु.......<br><table><tr><td>विद्यालयको नाम</td><td>निकासा रकम</td><td>वढि</td></tr><tr><td>दडमेता आवसिय विद्यालय सिमपानी</td><td>२,००,०००</td><td>१,५०,०००</td></tr></table></td><td>३०००००/-</td></tr>
</table>

| | | |
|---|---|---|
| सुन्जुनी आवसिय विद्यालय, सल्कौट | २,००,००० | १,५०,००० |
| दुर्गा आवसिय विद्यालय भाडसैनि | ५०,०००। | ० |
| जम्मा | | ३,००,००० |

५१. **कार्यक्रम** कार्यान्वयन पुस्तिका २०७५।०७६ मा विज्ञान प्रयोगशाला पुस्तकालय स्थापना, आइसिटी ल्याब स्थापनाको लागि भएको निकासा रकमबाट सार्वजानिक खरिद ऐन नियमको प्राबधान बमोजिम खरिद , निर्माण कार्य गर्ने र आयकर ऐन २०५८ बमोजिम कर कट्टा गरेर कार्यसम्पन्न भएको प्रमाण प्राप्त गर्ने उल्लेख छ । निम्नानुसारका विद्यालयलाई निकासा भएको रकमको उपयुक्तानुसार कार्य सम्पन्न गरी प्रमाण पेश हुनुपर्ने रु.... ५२०००००/-

| विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|
| गलेश्वर मा.वि. ,महरगाँउ | विज्ञान प्रयोगशाला | ६,५०,००० |
| खेति मा.वि ,तल्लादेही | विज्ञान प्रयोगशाला | ६,५०,००० |
| गलीनाथ मा.वि. ,वडगाउँ | विज्ञान प्रयोग शाला | ६,५०,००० |
| डिलेश्वरी उ.मा.वि. ,विहाट | आइ. सि.टि. | ६,५०,००० |
| भुमिराज आ. वि. ,गहताड | आइ. सि.टि. | ६,५०,००० |
| महादेव मा.वि. ,त्रिकाली | पुस्तकालय | ६,५०,००० |
| पहरौला मा.वि. वागभटना | पुस्तकालय | ६,५०,००० |
| ने. रा. मा. वि. पिपलकोट | पुस्तकालय | ६,५०,००० |
| जम्मा | | ५२,००,००० |

५२. **भवन निर्माण सम्पन्नः**

भुमिराज मा. वि. दहताल र रौलेश्वर मा.वि विजयपुरलाई ४ कोठे भवन निर्माणका लागि दिइने ३६,००,०००/- अनुदानको बाँकी रकम १८,००,०००/- सहित कूल अनुदान रु.३६,००,००० /-निकासा देखाएकोमा श्रेस्ता परिक्षणबाट देखिएको व्यहोरा निम्नअनुसार छन ।

(१) भुमिराज मा.वि को ल.ई. ४३४१२१६।७३ मध्ये अनुदान अंश रु ३६,००,०००/-ले ८२.९२ प्रतिशत हुन्छ । अतः निम्न आइटमको काम नगरेको उल्लेख गरी कार्यसम्पन्न प्रतिबेदन तयार भएकोले काम नगरेको आइटमको ८२।९२ प्रतिशतले हुने आनुपातिक कट्टी नगरेको हुँदा बढी निकासा हुन गएको रकम असुल हुने रु..... ४७९५३.७५

| आईटम नः | विवरण | परिमाण | रकम |
|---|---|---|---|
| ३. | sand filling with spray water | 19.51cm | २७००।१८ |
| १६. | 3mm thick 1:1 c/s punning work | 214.8sqm. | ४४११८।८९ |
| १७. | enamel painting work door and window | 48.57sqm. | ११०१२।२८ |

| | | |
|---|---|---|
| | <table><tr><td></td><td>जम्मा</td><td></td><td>५७८३११।३५</td></tr></table> (२) रौलेश्वर आ.वि. विजयपुरको लागत अनुमान ४५,८५,१७६।७० मध्ये अनुदान अंश रु ३६,००,०००/-ले ७८.५१ प्रतिशत हुने भएकोले प्राविधिक जाँचपासबाट रु.४४,२५,५४३ /-को मुल्याङकन गरी कार्य सम्पन्न पेश भएको आधारमा मुल्याङ्कित रकमको ७८.५१ प्रतिशतले रु ३४,७४,२०६।२२ मात्र अनुदान दिन मिल्नेमा आनुपातिक कट्टा नगरेको रकम असुल हुनुपर्ने रु...... | १२५७९३/७७ |
| ५३. | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार स्वीकृत प्राप्त गरेको दरवन्दी नभएका कुनै पनि राहत कोटा नभएका विद्यालयलाई शिक्षक नियुक्ती गर्न तथा शिक्षक बिद्यार्थीको अनुपात भन्दा बढी बिद्यार्थी भएका बिद्यालयको पहिचान तथा छनौट गरी त्यस्ता विद्यालयमा शिक्षक नियुक्ती गर्नको लागि पारिश्रमिक भुक्तानी गर्न शिक्षण सिकाई सहयोगको रकम मानव श्रोत विकास केन्द्रबाट प्राप्त हुने व्यवस्था छ। यस प्रकारका प्रमाण कागजात बेगर विभिन्न १५ विद्यालयलाई भौचर नम्बर १८७०७६।३।३१ बाट रु ४३,९२,०००/-निकासा दिएको छ। यस सम्बन्धमा छानविन गरी शिक्षक नभएका, शिक्षक विद्यार्थी अनुपात उच्च भएका, मानव श्रोत विकास केन्द्रबाट त्यस प्रकारका अनुदान प्राप्त नगरेका आधारमा विद्यालय छनौट गरी निकासा दिने निर्णय स्वीकृत भएको प्रमाण पेश हुनु पर्ने देखिएको रु............................................. | ४३९२०००/- |
| ५४. | **संघिय सरकारबाट हस्तान्तरीत कार्यकमतर्फः**<br>आर्थिक कार्यविधि ऐन नियमअनुसार थप आर्थिक भार पर्ने गरी खर्च गर्नूपर्दा अर्थ मन्त्रालयको स्वीकृती लिनु पर्दछ। कर्मचारीलाई ग्रेड बृद्धी वा ग्रेड भुक्तानी दिन वार्षिक तलवी प्रतिबेदन पारित हुनु पर्दछ। निम्नानुसारका ब्यक्तिलाई छुट ग्रेड भनी एकमुष्ट भुक्तानी गरेकोले सो दररेटबाट ग्रेड पाउने अर्थ मन्त्रालयको स्वीकृती र सम्बन्धित निकाय बाट निजले पाउने ग्रेड संख्या र रकम यकिन गरी पास गरेको तलवी प्रतिबेदन अनुसारको भुक्तानी दिनुपर्नेमा सो बेगर भुक्तानी भएको रकम असुल हुनुपर्ने रु......<table><tr><td>सि.न.</td><td>पद</td><td>नामथर</td><td>रकम</td></tr><tr><td>१.</td><td>सि.अ.हे.व.</td><td>बशन्त बहादुर कब्दार</td><td>५४,३६६</td></tr><tr><td>२.</td><td>सि.अ.हे..व.</td><td>विनोद कुमार कुँवर</td><td>५४,३६६</td></tr><tr><td>३.</td><td>सि.अ.हे.व.</td><td>हेमराज भट्ट</td><td>५४,३६६</td></tr><tr><td>४.</td><td>सि. अनमी</td><td>अनुग्रा ठगुन्ना</td><td>५४,३६६</td></tr><tr><td>५.</td><td>प्रा.स.</td><td>देव व वम</td><td>४२,३५४</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>२,५९,८१८</td></tr></table> | २५९८१८/- |
| ५५. | भौचर नम्बर ३७०७५।९।१९ बाट संयोजक विनोद कुँवर पेश्की फछ्यौट गरी सो. भ. समेत ७०,०००। खर्च दावी गरेको मध्ये रु.४५,००० /- नियमित रुपमा स्वास्थ्य संस्थाले भ्याक्सिन ढुवानी गरेको खर्च समाबेश छ। यस प्रकारका भ्याक्सिन ढुवानी वापत जिल्ला भरिका सबै स्वास्थ्य संस्थाका कर्मचारीलाई तोकिएको दरमा नियमित पाउने रकम हिसाब गरी कुल रु.६,००,०००/- जिल्ला स्थित स्वास्थ्य कार्यालयबाट भुक्तानी भैसकेकोले भ्याक्सिन ढुवानीमा दोहोरो परेको रकम असुल हुनुपर्ने रु....... | ४५०००/- |

५६. भौचर नम्बर ३८।०७५।९।१९ बाट संयोजक विनोद कुँवरलाई विश्व स्तनपान दिवस कार्यक्रम ०७५।४।१६ देखि २२ मनाएको खर्च रु २७०००/-भुक्तानी गरेको छ। विल भर्पाइको साथ कार्यक्रम झलकको फोटोमा खुल्ला चौरमा पुष, माघको जस्तो सवै घाँस पात सुकेको सुख्खा जमिन धुलो देखिएबाट श्रावण महिनाको मध्येतिर घाँस पात सुकेको देखिने फोटो संलग्न भएबाट कार्यक्रम भएरै विल भर्पाई संलग्न गरिएका हुन भनी विश्वस्त हुन सकिएन ।

५७. कर्मचारीलाई वर्षको एक पटक एक महिनाको तलव बरावरको रकम पर्व खर्च वापत दिइएकोमा ६ जना बाहेक सबैलाई असोज महिनामा दशै पर्वमा दिइएको छ भने असोज पछि नियुक्ती भएका निम्न ६ जनालाई चैते दशैलाई निजहरुको चाड पर्व भएको भनी पर्व खर्च दिइएको छ। यसरी फरक-फरक पर्व मनाउन फरक फरक समयमा पर्व खर्च उपलब्ध गराउँदा कुन कर्मचारीले कुन पर्व खर्च कुन महिनामा पाउने हो सो को स्पष्ट अभिलेख राखी सरुवा भै जाने आउने को रमाना पत्रमा समेत उल्लेख हुनुपर्दछ। कार्यालयले पर्व खर्च लिने प्रयोजनको लागि कर्मचारीको पर्व मनाउने महिना सहितको अभिलेख नराखेकोले एकै वर्षमा दोहोरो पर्व खर्च भुक्तानी नहुनेमा आश्वस्त गराउनु पर्दछ। ०७५।७६ मा चैत्रे दशैमा पर्व खर्च लिने निम्नानुसारका कर्मचारीको अभिलेख अद्यावधिक हुनु पर्ने देखियो ।

| पद | नामथर | चैतेदशै खर्च |
|---|---|---|
| हे.अ | स्वेताकुमारी मिश्र | २३,५०० |
| अनमि | अनिता कुमारी सिंह | २२,१७० |
| अनमि | लिला सुनार वि.क. | २२,१७० |
| अनमि | तारा कुमारी साउद | २२,१७० |
| अहेव | विरेन्द्र लुहार | २२,१७० |
| अहेव | वशन्त लोहार | २२,१७० |

५८. यस नगरपालिका अन्तर्गतका १० स्वास्थ्य संस्थामा कुल ६७८ जना शिशु जन्मेको आधारमा आमा सुरक्षा कार्यक्रमको खर्च भएको छ। कुल न्यानो झोला ९९५ थान खरिद भएकोले बाँकी ३१७ थान झोला को खर्च रु ३१,७०००/-र गतवर्षको मौज्दात समेत यकिन गर्नूपर्दछ । यस वर्ष न्यानो झोलामा वढी खर्च भएको रु..... ३१७०००/-

५९. भौचर नम्बर १६३।०७६।३।२५ बाट सोलार ब्याट्री ३ थान, चार्जर कन्ट्रोलर सहित रु ९८,९५६/- खर्च भएकोमा उक्त सामानहरु खर्च भएको जनाउने हस्तान्तरण फारम संलग्न गरेकोमा सो हस्तान्तरण फारम बुझ्ने वुझाउने, प्रमाणित गर्नेले दस्तखत नगरेको खाली फारम मात्र संलग्न भएकोले उक्त सामानहरु प्रयोजन र प्रयोगकर्ता समेत नखुलाई खर्च जनाएकोले कुन प्रयोजनको यकिन भएन भने प्रयोग नदेखिएको सामान खरिद भएकोमा आश्वस्त हुने अवस्था नरहेको रु............ ९८९५६/-

६०. **महिला तथा बालबालिका तर्फः** तत्कालिन महिला तथा बालबालिका कार्यालय खारेज भएपछि सो कार्यालयले गर्दे आएको कामहरु महिला तथा वालवालिका हेर्ने विषयगत शाखाले सम्पादन गर्दै आएको पाइयो। यस वर्ष सम्पादन गरेका निम्न कार्यक्रमहरुमा गत विगत वर्षको कार्यक्रमको अनुसरण गरेको पाइयो। तत्कालिन महिला विकासबाट संञ्चालन हुदै आएका कार्यक्रमबाट प्रभावकारी उपलव्धी हासल नभएको कारण सो कार्यलय खारेजीमा परेको अवस्थामा महिला वालवालिका लक्षित कार्यक्रम परिमार्जन पुनरावलोकन

वेगर नै अभिमुखिकरण, तालिम गोष्ठी गर्नमा नै सीमति रहेको खण्डमा जनतामा आशातित प्रतिफल प्राप्त हुनेमा आश्वस्त हुने अवस्था देखिएन । उदाहरणका लागी निम्नानुसारका कार्यक्रम प्रस्तुत छन :

६१.

| कार्यक्रम | सहभागि | उपलब्धी | खर्च |
|---|---|---|---|
| दलित लक्षित सरसफाइ (५) पटक | १३८ | चेतनामुलक जानकारी | ५,९५,७९५ |
| किशोरी बृत गठन | १० वडा | चेतनामुलक जानकारी | १,९८,९०० |
| वाल विवाह भएको घरमा झण्डा | १० ब्यक्ति | १००० झण्डा वितरण | १५८९०८ |
| हिंसा वालविवाह न्युनिकरण | होडिङ बोर्ड | ३० थान खरिद | २००३४० |
| किशोरी वालविवाह न्यूनिकरण | ५६ जना | चेतनामुलक जानकारी | २४९६०० |
| किशोरी बृत अभिमुखीकरण | ५६ जना | चेतनामुलक जानकारी | ५०००० |
| माविमा मनोसामाजिक सचेतना | विभिन्न | कक्षा संञ्चालन | ३३८७८५ |

६२. यस वर्ष विभिन्न स्थानमा ३ महिने सिलाई कटाई तालिम संञ्चालन गर्न तालिम अनुसार सिलाइ मेशिन खरिद गरेकोमा उक्त मेसिनहरु सम्बन्धित तालिम लिनेलाई बुझाएको देखिएन । उक्त सामानहरु हाल वडा कार्यालयमा रहेको भन्ने जानकारी सम्म प्राप्त भयो । अतः सिलाई मेशिनहरु त्यातिकै भण्डारण गरिराख्दा खिया लाग्ने , पार्टपुर्जा विग्रने, उपयोगमा नआउने हुँदा उक्त मेसिनहरुको यथास्थानमा सुरक्षित भएकोमा आश्वस्त हुन सकिएन । अतः उक्त सामानहरु जिन्सी दाखिला गरी मौज्दात सुरक्षित रहेको प्रमाण पेश हुनुपर्ने रु................. ४३५३१२/-

| भौ नं मिति | खरिद भएका मेशिन संख्या | रकम |
|---|---|---|
| २९/०७६/३/१९ | १० थान | १२०००६ |
| ३७/०७६/३/२५ | १० थान | १२०००० |
| ४०/०७६/३/२५ | १० थान | ७५३४० |
| ४२/०७६/३/२५ | १० थान | १२०००० |
| | जम्मा | ४३५३४६/- |

६३. भौचर नम्बर १३।०७५।११।३० वाल विवाह भएको घरमा झण्डा राख्ने कार्यक्रममा रु १५८९०८।– को १००० थान झण्डा खरिद गरी विभिन्न १० जनालाई १०० वटाका दरले बुझाएको भर्पाइ संलग्न छन । वाल विवाह भएको घरको नाम थर ठेगाना सहितको प्रमाणित विवरण वेगर झण्डा बुझाएको एकमुष्ट भर्पाइको आधारमा कार्यक्रम भयो भनी एकिन हुन नसकेको ले सो प्रमाण पेश हुनुपर्ने रु............. १५८९०८/-

६४. भौचर नम्बर १६।०७५।११।३० बाट अनाथ र टुहुरा बालबालिकालाई पोशाक तथा शैक्षिक सामाग्री वितरण गरी सरिता अवस्थीलाई रु ९९,४९५। भुक्तानी गरको छ । झोला, कापी, कलम, कपडा खरिद भएको छ । यस्ता अनाथ र टुहुरा बालबालिकाको स्पष्ट अभिलेख राखी सोही बमोजिम बजेट तथा कार्यक्रम वनाई खर्च गर्नु पर्दछ । खरिद गरिएका सामाग्री अनाथ र टुहुरा वालवालिकाकै लागि भएको आश्वस्तता गराउन यस्ता टुहुरा अनाथको अभिभावक को- कहा के कसरी गुमाएको, हाल आश्रम कसले दिएको स्थिति खुलेको अभिलेख व्यवस्थित

<table>
<tr><td></td><td>गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>६५.</td><td>वालविकास केन्द्रमा शैक्षिक सामाग्री खर्च भएको भनी सरिता अवस्थीलाई रु..३,९९,८४०।– भुक्तानी भएको छ । बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाको फ्लास टिपोर्ट भरेको छैन । बालबिकास केन्द्रलाई शिक्षा तर्फ बाट निकासा जाने भएकोले दोहोरो खर्च परेको देखिन्छ । बालविकासको लागि विद्यालयको खातामा रकम निकासा नगरी सामाग्री खरिदका विल भर्पाई राखी खर्च लेखेकोमा निरीक्षण अनुगमन गरी खर्चको उपयोगिता पुष्टि हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६६.</td><td>जेष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गरी सरीता अवस्थीलाई ९,५४,५९५/-भुक्तानी गरेकोमा स्वास्थ्य शिविरमा डडेलधुरा अस्पतालबाट डाक्टरलाई भ्रमण खर्च गाडी भाडा दिई सेवा लिएकोमा डाक्टरसँग सेवा करार सम्झौता गरी दैनिक रु १०,०००/- का दरले ३ जनालाई रु ९०,०००/-भुक्तानी गरेको देखियो । सरकारी सेवामा कार्यरत डाक्टरलाई दैनिक भ्रमण भत्ता र गाडी भाडा दिएर शिविरमा आमन्त्रण गर्दा सरकारी निकायसँग सेवा करार सम्झौता गरी सेवा शुल्क लिन मिल्ने नियममा ब्यवस्था भएको पाईदैन । अतः नियम विपरित खर्च लेखेको रकम असुल हुनुपर्ने रु.....................
<table>
<tr><th>सि.न.</th><th>नामथर</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>मे.अ. विमब बस्याल(डडेल्धुरा अस्पताल)</td><td>३०,०००</td></tr>
<tr><td>२.</td><td>मे.अ. जीवन खरेल(डडेल्धुरा अस्पताल)</td><td>३०,०००</td></tr>
<tr><td>३.</td><td>डा. वसन्तराज जोशी (बैतडी अस्पताल)</td><td>३०,०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९०,०००</td></tr>
</table></td><td>९००००/-</td></tr>
<tr><td>६७.</td><td>हिंसामा परेका महिलालाई  बाखा वितरण भनी ३० वटा बोयर जातका बाखा रु ४,६२,०००/- मा मिलन विन्दु कृषि तथा पशुपालन फर्म डडेलधुराबाट खरीद गरी वितरण गरेकोमा हिंसामा परेका महिलाको ब्यक्तिगत विवरण ,हिंसाको किसिम, प्रकार, स्थान, समय, अबस्था, स्थिति खुलेको अभिलेख लगायतका स्पष्ट परिचय खुल्ने अभिलेख पेश भएन । अतः गत विगत वर्षका समेत यस वर्ष हिंसामा परेकाको अभिलेख तथा वितरित बाखाको ट्याग नम्बर सहित निरीक्षण अनुगमनको प्रतिबेदन राखी हिंसामा परेकाले नै सहयोग प्राप्त गरेकोमा विश्वस्त हुने प्रमाण पेश हुनुपर्ने रु..............................</td><td>४८७०००/-</td></tr>
<tr><td>६८.</td><td>३९।०७६।३।२५ बाट विद्यालयका मा.वि. स्तरमा अध्ययनरत विद्यार्थीलाई मनोसामाजिक समस्या बारे सचेतना कार्यक्रम गरेको भनी रु ३,३८,७८५/- खर्च लेखेकोमा मनोविज्ञान जस्तो जटिल र गम्भिर विषयमा वालबालीका लाई सचेत गराउन विषयबस्तुको पुर्ण जानकारी भएका विषय विज्ञलाई आमन्त्रण गरेको देखिएन । अतः विषय विज्ञ वेगरको मनोविश्लेषण बाट लाभ भन्दा हानी हुने सम्भावना बढी हुन्छ । अतः भेला र बक्तृत्ववाट प्राप्त खर्चको उपादेयता रहने देखिदैन । अतः खर्च रकम उपलब्धी हासिल भएको सुनिश्चित हुने गरी खर्च हुन नसकेको रु .....................</td><td>३३८७८५/-</td></tr>
<tr><td>६९.</td><td>अंपागता भएका ब्यक्तिहरुका लागि बाखा पालन तालिम सञ्चालनको लागि गैर सरकारी संस्था ग्रामीण तथा शहरी विकास मञ्चलाई सम्झौता वमोजिम रु.४,९९,३४९ /-भुक्तानी गरेको छ । १० वटै वडाका ३६ जनालाई बाखा पालन तालिम दिने प्रशिक्षक  जनक व. वम र सहायक प्रशिक्षक दिवाकर चौधरी र पुर्ण व. वोहोरा छन् । परामर्शदाताले सेवा उपलब्ध गराउने सम्झौता गर्दा विषय विज्ञहरु आफुसँग रहेको प्रमाण पेश गनु पर्दछ । अतः उपयुक्त</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | प्रशिक्षक सहायक प्रशिक्षकलाई नियुक्ति गरेको, नियमित तलव भत्ता भुक्तानी गरी कर कट्टा गरेको तथा वाखा पालन विषय विज्ञ भएको खुल्ने शैक्षिक योग्यता भएको कुनै पनि प्रमाण संलग्न छैन अतः सो को प्रमाण पेश हुनुपर्ने रु ........................................ | ४९९३४९/- |
| ७०. | **कृषि तर्फः**२६।२०७६।३।२५ बाट तेज ब. कुबरले १३००००/- पेश्की फछ्र्यौट गरेकोमा निम्नानुसार बिरुवा खरिदका बिल भर्पाइ तथा बिरुवा बितरणको भर्पाइ संलग्न गरेको छ । किम्बु ५००० बोट, नेपियर १०४०० बोट बिरुवा बितरण गरेको भर्पाइ प्रमाणित भएको छैन भने भर्पाइमा नाम फरक फरक भएतापनि बुझिलिनेको दस्तखत एकै प्रकारको हस्त लिखित जस्तो छ । अत : सो सम्बन्धमा यकिन गरी बिरुवा बितरण भएकोमा बिश्वस्त हुने गरी निरीक्षण, अनुगमन, र भर्पाई प्रमाणित गरी पेश हुनुपर्ने रु................. | १३००००/- |
| ७१. | **नगरपालिका चालु (स्वास्थ्य)** : १०।०७५।१०।१३ बाट १० स्वास्थ्य संस्थालाई आमा सुरक्षा कार्यक्रमको प्रति सुत्केरी रु. १००० का दरले ७१० जनाको रु. ७१००००/- दिएको छ । पेश भएको बिबरणमा ६७८ जना सुत्केरी भएको देखिएकाले अभिलेख भन्दा बढी ३२ जनाको रु. ३२०००/- असुल हुनुपर्ने रु............................ | ३२०००/- |
| ७२. | **सामाजिक सुरक्षा भत्ताः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष नगरकार्यपालिकाका सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा  देहायका व्यहोरा देखिएका छन् ।<br>१)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र बजेट वक्तव्यअनुसार सामाजिक सुरक्षा भत्ता रकम नगरपालिकामा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ ।<br>२)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछि वा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता | |

पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।

७३. **पदाधिकारी तथा सदस्यको सुविधा :** नेपालको संबिधान २०७२ को धारा २२७ मा गाँउ सभाका र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन बमोजिम हुने उल्लेख छ । सुदुर पश्चिम प्रदेशले स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ अनुसार पद तथा गोपनियताको सपथ लिइ आफ्नो पदको काम कारबाहि सुरु गरेको मिति देखि स्थानिय तहको आन्तरीक स्रोतका आधारमा मासिक पारिश्रमिक सुबिधा पाउने ब्यवस्था गरे बमोजिम यस वर्ष ५२ पदाधिकारीलाई नगरपालिकाले अध्यक्ष/उपाध्यक्ष र सदस्यको पारिश्रमिक (२०७५ श्रावण देखि २०७६आषाढ सम्मको ) रु.६५६६०००।०० खर्च लेखेको देखियो ।

७४. आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६मा बजेटको सिमाभित्र रही खर्चको विल भर्पाइ सहित निर्धारित कार्यमा खर्च गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले देहायका शिर्षकमा विनियोजित रकम देहाय अनुसार खर्च गरेकाले नियन्त्रण गर्नुपर्ने देखियो ।

| विवरण | रकम |
|---|---|
| गाडी भाडा | २८९५०० |
| विविध खर्च | ११८२०२८ |
| पत्र पत्रिका छपाई तथा सूचना | ३२१४०० |

उपरोक्त सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

(१) मु अ करमा दर्ता नभएका बिभिन्न होटलको खाजा खर्चको बिलको आधारमा वडामा र गाउंपालिका कार्यालयमा खाजा खर्च गरेकोमा बैठकको माईन्युट, बैठक बसेको दिन, संख्या नखुलेको ।

(२) पटके सम्झौता गरी नगरंपालिका अध्यक्ष लगायत बिभिन्न पदाधिकारी र कर्मचारीले गाडि भाडामा लिई भुक्तानी गरेको प्रयोजन स्पस्ट नखुलेको, गाडी भाडामा पटके रुपमा लिएको औचित्यपुष्टि हुनु पर्दछ ।

(४) पदाधिकारी र नगरपालिका अध्यक्ष ,उपाध्यक्ष को सुभकामना सन्देस छपाई गरेको उल्लेख गरी भुक्तानि दिने गरेको, बिज्ञापन र सुचना प्रसारणको हकमा एकरुपता नरहेको । स्पस्ट मापदण्ड नतोकेको ।

७५. **वडागत खर्चः** वडा कार्यालयहरुलाई सञ्चालन खर्च भुक्तानी गर्दा पेश भएका बिल भर्पाइ परीक्षण हुँदा निम्न वडाहरुले कार्यक्रम संचालन खर्चका विल भर्पाई संलग्न गरेका छन । सोहि प्रकारका कार्यक्रमहरु महिला वालवालिका कृषि स्वास्थ्य तर्फबाट संचालन हुने र भए गरेका कार्यक्रम नै वडा कार्यालयहरुबाट समेत संचालन भएबाट कार्यक्रम दोहोरो नपर्ने र प्रभावकारी हुनेमा आश्वस्त हुन सकिएन । अतः एक शाखाबाट हुने काम अर्को शाखा ,निकायबाट संञ्चालन गरी दोहोरो नपर्ने व्यवस्था हुनुपर्दछ ।

| वडा. न. | कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| २. | वालविवाह, छुवाछुत रोकथाम | ३०,००० | महिला बालबालिकाबाट समेत |

| | | | |
|---|---|---|---|
| | | | भएको |
| ३. | महिला स्वंयम सेविकालाई पोषण सम्बन्धी तालिम | ६६,००० | स्वास्थ्य संस्थाबाट भएको |
| ५. | विद्यार्थी छात्रबृति, पुरस्कार | ९०,००० | शिक्षाबाट भएको |
| ६. | वालबृत कार्यक्रम | ३०,००० | महिला वालवालिकाबाट भएको |
| ७. | स)स्थागत सुत्केरी घोषणा | ३०,००० | स्वास्थ्यबाट भएको |

७६. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनसूची १ अनुसार कन्टिनजेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०/१/१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टिनजेन्सी मध्ये ६०% चालु प्रकृतिको खर्च र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो आर्थिक वर्षमा रु ५३ लाख ६ हजार कन्टिन्जेन्सी खर्च लेखेको देखियो । कन्टिन्जेन्सी खर्चबाट दैनिक भ्रमण भत्ता, इन्धन र कार्यालय सामान लगायतका खर्च गरेकोमा चालु र पूँजीगत कन्टिनजेन्सीको अभिलेख नराखेकोले चालु र पूँजीगत खर्च नछुट्टिने हुन्छ । तसर्थ कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाई खर्च नें व्यवस्था गर्नुपर्ने, चालु र पूँजीगत खर्चको लगत राखी नगरी नहुने चालु खर्च मात्र कन्टिन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनु पर्दछ ।

७७. **प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उप दफा ६ बमोाजिम बोलपत्रदाताले आपसमा मिलेमतो गरि बोलपत्र दाखिला गरेमा बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस आर्थिक वर्षमा खरीद व्यवस्था गरेका निम्नानुसारका ठेक्कामा लागत अनुमानकै हारा हारीमा खरीद कार्य भएको छ ।

| कार्यक्रमको नाम | ठेक्का नं. | बोलपत्र बिक्रि संख्या | बोलपत्र दाखिला संख्या | बोलपत्र फिर्ता संख्या | लागत अनुमान | स्वीकृत रकम |
|---|---|---|---|---|---|---|
| श्रीभावर हाँट सडक मरम्त कार्य | ०१/०७५/७६ | ५६ | ५ | १ | ७७२६०२१.५७ | ७७१३२३३.१० |
| सुइलेक कुवाकोट भटना सडक मर्मत कार्य | ०२/०७५/७७ | ५४ | ५ | १ | ५३११६४८.६५ | ५३०८५०५.४१ |
| जयदुर्गे चमेलियf बिद्यूत बिस्तार कार्य | ०३/०७५/७६ | ४ | १ | ० | ३५६६६३.७० | ३५४९३८६.५० |

७८. डि.पि.आर. निर्माण :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नको लागि कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्षेत्रगत शर्तमा परामर्शदाताको मूख्य जनशक्तिको काम,तथा योजना र निजले गर्नुपर्ने कामको लागि लाग्ने अनुमानित समय, सम्झौता बमोजिम कार्य सम्पन्न नभएसम्म सम्भौता बमोजिमको कार्य तालिकामा दोहोरो नपर्ने गरी सोही व्यक्ति अन्य परामर्श सेवा खरिद प्रक्रियामा प्रयोग गर्न नमिल्ने समेत व्यहोरा समावेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा र अन्य सार्वजनिक निकायमा करार सेवा र स्थायी सेवामा पूर्णकालिन रुपमा मूख्य जनशक्तिको रुपमा परामर्श सेवा उपलव्ध गराएकोमा ६ ग्रामिण सडकको डि.पि.आर बनाउन रु.८,४२,७६०/-प्राविधिक इन्जिनियरहरुलाई भुक्तानी दिएको देखिएकोले दोहोरो सुविधा सार्वजनिक निकायबाट(दैनिक भ्रमण भता समेत) लिएको कर्मचारीको रकम सम्बन्धितबाट छानविन गरी असूल गर्नुपर्दछ ।

७९. **पेश्की बाँकी:–** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ वमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई ऐनको दफा ५२क. को अधीनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने व्यवस्था छ । त्यस्तै सोही नियमको उपनियम (५) सार्वजनिक निकायले दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बीजकबाट कट्टागरी फछयौट गर्नु पर्ने व्यवस्था रहेको छ । आर्थिक वर्षको अन्त्यसमम फछ्र्यौट नभएको पेश्की नियमानुसार असूल फछ्र्यौट हुनुपर्ने रु. २६६१३७९०/-

| पेश्कीलिएको मिति | पेश्की लिनेकोनाम | पदाधिकारी/ कर्मचारी भए पद | खर्च शीर्षक | वापत | म्याद ननाघेकोरु |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| २०७६।३।३० | उकिलबहादुर धानुक | वडा सचिव | २७१११ | सा.सु.भत्ताबितरण | १३३२०००.०० |
| २०७६।३।३० | पदमसिंहभणडारी | वडा सचिव | २७१११ | सा.सु.भत्ताबितरण | १६५६०००.०० |
| २०७६।३।३० | रामबहादुरबोहरा | वडा सचिव | २७१११ | सा.सु.भत्ताबितरण | २१८४०००.०० |
| २०७६।३।३० | डम्मरदत्तभट्ट | वडा सचिव | २७१११ | सा.सु.भत्ताबितरण | २२१२०००.०० |
| २०७६।३।३० | परमानन्दपन्त | वडा सचिव | २७१११ | सा.सु.भत्ताबितरण | २८३५४००.०० |
| २०७६।३।३० | नरसिहसाउद | वडा सचिव | २७१११ | सा.सु.भत्ताबितरण | २३४४८००.०० |
| २०७६।३।३० | गणेशदत्त अवस्थी | वडा सचिव | २७१११ | सा.सु.भत्ताबितरण | २१४१६००.०० |
| २०७६।३।३० | उत्तमबहादुरबिष्ट | वडा सचिव | २७१११ | सा.सु.भत्ताबितरण | २८३२८००.०० |
| २०७६।३।३० | चक्रबहादुरढुंगल | वडा सचिव | २७१११ | सा.सु.भत्ताबितरण | २२०१६००.०० |
| २०७६।३।३० | कर्णबहादुरबिष्ट | वडा सचिव | २७१११ | सा.सु.भत्ताबितरण | २४२३२००.०० |
| २०७६।३।११ | उत्तम सिंहरतोकी | ह.स.चा. | २२२११ | इन्धन | २५०००. |
| २०७६।३।२५ | उत्तम सिंहरतोकी | ह.स.चा. | २२२१२ | इन्धन | २५०००. |
| २०७६।३।२५ | उत्तम सिंहरतोकी | ह.स.चा. | २२२१३ | मर्मत | ४००००. |
| २०७५।१०।०६ | ग्रीनलाइट मिडिया सेन्टर बैतडी | | २२५२२ | कार्यक्रम संचालन | १०५०००. |
| २०७५।११।३० | ग्वानीबिचखल्ला घोरेटो वाटो निर्माण समिति वडा नं–१० | | ३११५९ | योजनानिर्माण | ९००००. |
| २०७५।११।३० | एकलालाउतिसपाटा खानेपानी मर्मत उ. स.वडा नं.–३ | | ३११७१ | योजनानिर्माण | १४४०००. |
| २०७५।११।३० | बटेपालामन्दिर मर्मत योजना उ.स.वडा नंर .–७ | | ३११७१ | योजनानिर्माण | ३७४४०. |
| २०७५।११।३० | रन्तरस्तदेखि बजङे बाटो निर्माण उ.स.वडा नं.–९ | | ३११५९ | योजनानिर्माण | २८८००. |
| २०७५।११।३० | भूमिराजडाडाबाघ पर्यटन बिकास समाज वडा नं.१० | | ३११५९ | योजनानिर्माण | १७२८००. |
| २०७६।२।१६ | महादेब हाटखापामर्मतउसवडा नं–१ | | ३११७१ | योजनानिर्माण | ८६४००. |
| २०७६।३।१३ | डणपूरसौर्य उर्जा उपभोक्ता समिति वडा नं.–८ | | ३११५९ | योजनानिर्माण | ९७००००. |
| २०७५।९।८ | पर्वतफेदी सिर्जनायूवा क्लव बैतडी | | २२४११ | नगर प्रोफाइल तयारी | २५०००० |
| २०७६।३।३१ | उत्तम बहादुर बिष्ट | स.स्तर चौथो | | बिपद ब्यवस्थापन | ३००००० |
| २०७६।३।३१ | राजेन्द्र बहादुरधानुक | स.स्तर चौथो | | बिपद ब्यवस्थापन | ३००००० |
| २०७६।३।३१ | त्रिबेणी स्वस्थवातावरण समुह बैतडी | | २२५२२ | कार्यक्रम संचालन | १८७५९५० |
| | | | | जम्मा | २६६१३७९० |

८०. **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आय **६१९५२३.५१**

व्ययको आन्तरीक लेखापरीक्षण समयमा गराउनु पर्ने व्यवस्था छ । समयमा आन्तरीक लेखापरीक्षण गराउनुपर्नेमा २०७६।५।२३ मा कोष तथा लेखा नियन्त्रक कार्यालय, बैतडीबाट आन्तरीक लेखापरीक्षण भएको प्रतिवेदनबाट देखिन्छ । आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट भएको देखिएन । आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित देहायका व्यहोरा असूल फछ्र्यौट हुनु पर्ने रु.

| दफा | व्यहोरा | रकम |
|---|---|---|
| ५ | भुमिराज मा वि को अग्रिम आयकर कट्टा नगरेको | २२०००/- |
| ६ | रौलेश्वर मा वि अग्रिम कर आयकर कट्टा नगरेको | ३५००/- |
| ८ | ए. एस. डि. एन. फाउण्डेसन बैतडीलाई ब्लड ग्रुप परिक्षण वापत रु ४०००००  भुक्तानी गरेकोमा परीक्षण संख्या र संचालन गरेको स्थान खुल्ने प्रतिवेदन पेश नगरको रु | ४०००००/- |
| ११ | कार्यविधि वेगर वडाअध्यक्ष जगी साउद,गौतम प्रसाद भट्टलाई ५०,००० का दरले रु १,००,००० र वडा सदस्य केशव पन्तलाई रु १०,००० भुक्तानी गरेको छ । औषधी उपचार कोषबाट खर्च गर्दा निश्चित कार्यविधिको आधारमा खर्च नगरेको रु | ११००००/- |
| १३ | कोपिखेत तटबन्ध निर्माण समितिलाई बढी भुक्तानी रु | ४७५९/- |
| १४ | भवने दलित टोल खानेपानी उपभोक्ता समितिलाई बढी भुक्तानी रु | १६८०१/७१ |
| १५ | लिमरी पहिरो नियन्त्रण उपभोक्ता समितिलाई बढी भुक्तानी रु | ५८१३१/८० |
| १८ | पूजिगत उप शीर्षक अन्तर्गत आ व को अन्त्यमा व उ शी नं २५०८४ को कर कट्टी रकम दाखिला नगरको रु. | ४३३१/- |
|  | जम्मा | ६१९५२३.५१ |

**कोष तर्फ**

८१. **कोष :**नगरपालिकामा ७ कोषमा गत बर्ष मौज्दात रु. ७१०,१२८/- रहेकोमा यस बर्ष रु. ३६०१,१७०/- आम्दानी भई रु. २२०४,३६६/- खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

(१) **दैवि प्रकोप कोष :** खरिदारद्वय क्रमश : उत्तम बहादुर बिष्ट र राजेन्द्र बहादुर धानुकलाई रु.३ लाखका दरले जम्मा रु.६ लाख विपद व्यवस्थापन सामाग्री चाउचाउ,हेलमेट,बेल्चा लगायतका सामाग्री खरिद गर्न वर्षान्तमा पेश्की उपलब्ध गराएकोमा फछ्र्यौट भएको देखिएन । यसैगरी विपदमा परेका २५ जनालाई रु. ३०००/- देखि रु. १०,०००/-का दरले रकम वितरण गरी जम्मा रु.१,५९,०००/-उपलब्ध गराएकोमा बितरणको कार्यबिधि बनाएको देखिएन ।

८२. **(२) सडक मर्मत सम्भार कोषः**

गो.भौ नं ३ : हाट देखि रेसि सडक मर्मत गर्न खरिदार राजेन्द्र बहादुर धानुकलाई पेश्की दिई रु.९००००।०० खर्च गरिएको छ । निजले २१ जनाको डोर हाजिर रु.८०४०० /-र अपसन प्रा.ली महेन्द्रनगरका राजेश चौधरीलाई म.१.त ११५९ टेक्टर वाट ४० पटक ग्राभेल लोड गरेको जनाई रु २००००/- को गाडी भाडाको भर्पाइ पेश गरी रु. ९००००/- पेश्की फछ्र्योट भएको छ । नगरपालिकाको ट्रिपर र स्काभेटर चालु

| | | |
|---|---|---|
| | अवस्थामा रहेको स्थितिमा बाहय सवारी साधन प्रयोगमा खर्च गरेको मनासिव देखिएन । | |
| ८३. | (३) **स्काभेटर संचालन कोष** :यस बर्ष बकेट सहितको स्काभेटर प्रयोग गरेमा रु. २६००/- र ब्रेकर प्रयोग गरेमा रु. ३५०० प्रतिघण्टा भाडामा दिने (इन्धन भाडामा लिनेले व्यहोर्ने गरि) ०७५।३।१५ मा कार्यपालिकाको बैठकले निर्णय गरेकोमा रु.१६,७०,९२०/- आम्दानी देखिएको छ ।कार्यालयले स्काभेटर चालक र सहयोगीका लागि रु. २९४०००।०० तलव, मर्मत खर्च रु. २८५,६५२।०० समेत रु. ७९५४९९।०० खर्च गरी बाँकी रु.१२३५१४७ /- खातामा मौज्दात देखिन्छ । स्काभेटर चलेको घण्टा, प्रयोग गर्ने उपभोक्ता समिति, मिति,समय,स्थान सहितको विवरण र नगदि रसिद व्यवस्थित गरी राखिएको छैन । स्काभेटरको व्यवसायीक प्रयोग गरी उपभोक्तासमिति मार्फत सञ्चालन गरीने योजनाको सम्झौतामा अनिवार्य रुपमा नगरपालिकाको स्काभेटर प्रयोग गर्नुपर्ने र स्काभेटरको कामको लागि भुक्तानी नदिने नीति कार्यविधिमा समावेश गर्नु पर्दछ ।स्काभेटरको गत बर्ष ३०० दिन ,प्रतिदिन ८ घण्टा सञ्चालन भएको अवस्थामा पनि रु. ८४ लाख आम्दानी हुने देखिएकाले खर्चको तुलनामा आम्दानी कम देखिएको छ । यसर्थ यस तर्फ ध्यान दिनुपर्छ । | |
| ८४ | (४) **टिप्पर सञ्चालन कोष** :यस बर्ष टिप्पर सञ्चालन गर्न चालक र सहयोगीलाइ रु. ३२४०००/- पारीश्रमिक, मर्मत रु. १८४६७/- र भ्रमण खर्च १७००० /- समेत रु. ३५९,४६७/- खर्च भएको छ । उक्त ट्रिप्पर ३०० दिन प्रयोगमा ल्याएको अवस्थामा, रु. ९०००००।०० आम्दानी हुने हुँदा ट्रिपर चलेको मिति, प्रयोग भएको मिति,स्थान,नगदी रसिद व्यवस्थित गरी प्रमाणित गर्नुपर्नेमा नगरिएकोले सदुपयोग भएको अवस्था यकिन गर्ने अवस्था छैन । उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने योजनामा नगरपालिकाको ट्रिपरको अनिवार्य प्रयोग हुने किसिमबाट तालिका बनाई प्रयोगमा ल्याउने र आम्दानी व्यवस्थित गर्नु पर्दछ । | |
| ८५. | (५) **एम्बुलेन्स सञ्चालन कोष** :एम्बुलेन्स प्रयोग गरी यस बर्ष १९ जना बिरामीबाट रु. ९१५००/– आम्दानी भएको छ । नगरपालिकामा पेश गरेको विवरणनुसार एम्बुलेन्स हाट देखि ११ पटक डडेल्धुरा, ४ पटक धनगढी, २ पटक मल्लादेही/रेसी र १/१ पटक कुवाकोट र धुल्यामोडसम्म बिरामी ओसारेको देखिन्छ । तर लगबुक राखी व्यवस्थित नगरेकाले यथार्थ आम्दानी यकिन भएन । | |

अनुसूची- १

## स्थानीय तह सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | बैतडी | पुर्चौडी नगरपालिका | ४७६३४ | १२१९०० | ३९३७६३ | ६०४१ | ५२१७०४ | ४५३४५ | १३४६७१ | ३४१९०० | ५२१९१६ | ४७४२२ |

अनुसूची– २

## पुर्चौडी नगरपालिका
## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाकी बेरुजू | | | र्बाकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बैतडी | पुर्चौडी नगरपालिका | ५४ | ३९ | ७८३४४ | ० | ४ | ८२८२ | ५४ | ३५ | ७००६२ | ४११३ | १७२५ | ३७६१० | ० | ० | ३९३३५ | ० | २६६१४ | २६६१४ |

अनुसूची ३

## अद्यावधिक वेरुजू स्थिति
२०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सम्परीक्षण वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बैतडी | पुर्चौडी नगरपालिका | ४५२५३ | ३३१ | ४५५८४ | ० | ७००६२ | ११५६४६ |